# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित: २०८१/०७/३०)

यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा तपसिलका पदहरुमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न अनुसारका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मिति १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित दरखास्त पेश गर्न टीकापुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दफा ५" बमोजिम अन्तर्वार्ता र सूचिकरण समितिको मिति २०८१/०५/२९ को निर्णय बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद/तह | माग संख्या | सेवा/समुह | समावेशिता क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १-०८१/८२ | नगर प्रहरी ड्राईभर (श्रेणी विहिन) | १(एक) | प्रशासन | खुला | |
| २ | २-०८१/८२ | नगर प्रहरी जवान (श्रेणी विहिन | २(दुई) | प्रशासन | खुला | |
| ३ | ३-०८१/८२ | नगर प्रहरी जवान (श्रेणी विहिन) | २(दुई) | प्रशासन | महिला | |
| ४ | ४-०८१/८२ | नगर प्रहरी जवान (श्रेणी विहिन) | १(एक) | प्रशासन | जनजाती | |
| ५ | ५-०८१/८२ | नगर प्रहरी जवान (श्रेणी विहिन) | १(एक) | प्रशासन | दलित | |

**१) दरखास्त दिने स्थान :** टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली ।

**२) दरखास्त दिने अन्तिम मिति :** २०८१/०८/१४ गते कार्यालय समय भित्र (सो दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन) ।

**३) उमेर हद :** दरखास्त दिने अन्तिम मिति सम्ममा नगर प्रहरी जवान १८ वर्ष पूरा भई २३ वर्ष ननाघेको एवं नगर प्रहरी ड्राईभरको हकमा १८ वर्ष पूरा भई २५ वर्ष ननाघेको ।

**४)आवेदन दस्तुर :** नगर प्रहरी पदहरुको लागी रु.३००।-(तिन सय) टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आन्तरिक राजश्व खाता नं.ग.१.१.१०७०३००००१०१००००१ मा वा राजश्व शाखामा तोकिएको दस्तुर तिरेको नगदी रसिद संलग्न हुनु पर्ने ।

**५.छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन तथा नेपाल प्रहरीको प्रहरी जवान सरहको मापदण्ड अनुसारको शारिरीक तथा स्वास्थ्य परिक्षणहरु र अन्तरवार्ता ।

**६.न्यूनतम योग्यता :** (क) मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तिमा आठ (८) कक्षा उत्तिर्ण गरेको (ख) हलुका सवारी चालकको हकमा सवारी चालक अनुमति पत्र (लाईसेन्स) प्राप्त (ग) नैतिक पतन देखिने फौजदारी सजाय नपाएको (घ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीवाट वरखास्त नभएको ।

**७.शारीरिक परिक्षण :**

**क.आँखा परिक्षण :** पूरुष,महिला दुवैको लागी आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको हुनु पर्ने ।

**ख.उचाई :** पुरुषका लागी उचाई घटिमा ५ फिट २ इन्च र महिलाको उचाई घटिमा ५ फिट भएको हुनु पर्ने ।

**ग.छाती परिक्षण :** पुरुषको लागी नफुलाउदा कम्तिमा ३१ र फुलाउदा कम्तिमा ३३ ईन्च हुनु पर्ने ।

**घ.तौल :**पुरुषको हकमा कम्तिमा ५० के.जी.र महिलाको हकमा कम्तिमा ४२ के.जी.हुनु पर्ने ।

**८.सेवा सुविधा तथा अन्य:** प्रचलित कानूनमा व्यवस्था भए बमोजिम ।

**९.सेवा अवधि :** २०८२ असार मसान्त सम्म (करार सम्झौता थप हुन सक्ने ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**१०.पदले सम्पादित गर्नु पर्ने कार्य विवरण** : नगर कार्यपालिकाको कार्यालयले खटाए अनुसारका कार्यहरु ।

**११.आवश्यक कागजातहरु** :(क) नेपाली नागरिकता प्रमाणपत्र (ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र तथा चारित्रिक प्रमाणपत्र (ग) अनुभव भए सोको कागजात (घ) उम्मेदवार स्वयंले प्रमाणित गरेको उल्लेखित कागजातहरुको प्रमाणित प्रतिलिपी र हालसालै खिचिएको पासपोर्ट साइजको ३ (तीन) प्रति फोटो, स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण पत्रको प्रतिलिपी (ङ) जनजातीको हकमा नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत जातीको हकमा सोही सूचिको आधारमा (च) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सुचिकृत भएको जातीको हकमा सोही सूचिको आधारमा ।

१२.आवेदनको ढाँचा सम्बन्धित पदको कार्यविवरण पाठ्यक्रम लगायत पदपूर्ति सम्वन्धी अन्य विस्तृत जानकारी tikapurmun.gov.np मा उपलब्ध हुनेछ ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

दमनसिंह चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत